# मुक्तिनाथ विकास बैंक लिमिटेड
# MUKTINATH BIKAS BANK LIMITED

'B' Class financial institution licenced by Nepal Rastra Bank (National Level)

**Central Office:** Pokhara-9, Prithivichowk, Kaski

**Phone:** 061-522786 **Fax :** 061-537952

**E-mail:** info@muktinathbank.com.np , **Website:** www.muktinathbank.com.np


# Unaudited Financial Results (Quarterly)

## As at 2nd Quarter (2072-09-30) of the Fiscal Year 2072/073

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **10,806,086.85** | **9,731,135.95** | **6,901,428.15** |
| 1.1 | Paid-up Capital | 838,432.75 | 640,025.00 | 573,845.70 |
| 1.2 | Reserves and Surplus | 293,078.89 | 426,500.85 | 191,145.42 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 4,130.00 | 14,800.00 | 52,810.00 |
| **1.5** | **Deposits (a+b)** | **9,235,773.39** | **8,302,453.26** | **5,851,915.97** |
| | a. Domestic Currency | 9,235,773.39 | 8,302,453.26 | 5,851,915.97 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 51,667.28 | 13,526.90 | 1,919.26 |
| 1.7 | Other Liabilities | 383,004.56 | 333,829.94 | 229,791.81 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **10,806,086.85** | **9,731,135.95** | **6,901,428.15** |
| 2.1 | Cash & Bank Balance | 1,006,965.95 | 947,131.53 | 480,735.66 |
| 2.2 | Money at call and short Notice | 1,625,190.24 | 1,182,962.58 | 891,778.99 |
| 2.3 | Investments | 97,854.67 | 98,145.91 | 91,421.10 |
| **2.4** | **Loans & Advances (Gross) (a+b+c+d+e+f)** | **7,863,989.87** | **7,285,756.51** | **5,201,978.48** |
| | a. Real Estate Loan | 333,749.71 | 255,680.28 | 137,933.97 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 333,749.71 | 255,680.28 | 137,933.97 |
| | b. Personal Home Loan of Rs. 10 million or less | 1,253,622.67 | 1,138,015.58 | 806,512.71 |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | 1,469,794.70 | 1,338,399.51 | 823,221.35 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 1,237,748.00 | 1,115,387.82 | 794,527.04 |
| | f. Others | 3,569,074.79 | 3,438,273.31 | 2,639,783.41 |
| 2.5 | Fixed Assets | 109,073.73 | 100,051.38 | 83,409.66 |
| 2.6 | Non Banking Assets | - | 7,273.11 | - |
| 2.7 | Other Assets | 103,012.39 | 109,814.94 | 152,104.27 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 541,717.04 | 263,330.35 | 381,407.55 |
| 3.2 | Interest Expense | 232,949.78 | 117,053.45 | 163,340.63 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **308,767.27** | **146,276.90** | **218,066.92** |
| 3.3 | Fees Commission and Discount | 6,197.85 | 2,613.96 | 4,380.53 |
| 3.4 | Other Operating Income | 60,666.31 | 31,034.79 | 45,897.93 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **375,631.42** | **179,925.65** | **268,345.37** |
| 3.6 | Staff Expenses | 73,056.60 | 39,916.45 | 62,665.31 |
| 3.7 | Other Operating Expenses | 54,857.20 | 26,310.73 | 41,437.67 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **247,717.62** | **113,698.47** | **164,242.39** |
| 3.8 | Provision for Possible Loss | 14,653.09 | 9,116.36 | 7,813.37 |
| **D** | **Operating profit (C-3.8)** | **233,064.54** | **104,582.11** | **156,429.03** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 8,865.43 | 3,180.30 | 4,654.56 |
| 3.10 | Write Back of Provision for Possible Loss | 7,273.11 | - | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **249,203.08** | **107,762.41** | **161,083.59** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **249,203.08** | **107,762.41** | **161,083.59** |
| 3.12 | Provision For Staff Bonus | 22,654.83 | 9,796.58 | 14,643.96 |
| 3.13 | Provision For Tax | 67,531.16 | 29,389.75 | 43,931.89 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **159,017.09** | **68,576.08** | **102,507.74** |
| **4** | **Ratios (Mandatory)** | | | |
| 4.1 | Capital Fund to RWA | 13.01% | 13.22% | 13.13% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.26% | 0.31% | 0.48% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 433.70% | 376.27% | 287.09% |
| 4.4 | Cost of Funds (LCY) | 5.44% | 5.74% | 5.74% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 75.89% | 77.84% | 78.64% |
| 4.6 | Base Rate | 9.40% | 10.13% | 10.34% |

* The figures of Corresponding Previous Year Quarter Ending are the figures of Muktinath Bikas Bank Ltd. only.
* Loans & Advances and Non Banking Assets are being presented on gross basis and loss provisions are being included on other liabilities.
* The capital funds and other liabilities takes in to account after the approvals accorded by the recent AGM in regard to dividend payments.
* Previous period figures have been regrouped/rearranged whereever necessary.
* Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४**
**(नियम २२ को उपनियम २ सँग सम्बन्धित)**

# आ.ब. २०७२/०७३ को दोस्रो त्रैमासिक प्रतिबेदन

१) **वित्तीय विवरण** :

क) यस विकास बैंकको वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :
यस विकास बैंकको दोस्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. ३७.९३ (बार्षिक) | प्रति शेयर कुल सम्पत्तिको मूल्य | रु. १,२८८.८४ |
| मूल्य आम्दानी अनुपात | १९.१४ (बार्षिक) | तरलता अनुपात | २८.५० प्रतिशत |
| प्रति शेयर नेटवर्थ | रु. १३४.४२ | पूँजीकोष अनुपात | १३.०१ प्रतिशत |

२) **व्यवस्थापकीय विश्लेषण** :

**क) त्रैमासिक अबधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** :
यस अबधिको दोस्रो त्रैमासिक मसान्त सम्ममा विकास बैंकको मौज्दात र आम्दानी बिगतमा झैं निरन्तर बृद्धि भईरहेको छ भने तरलतामा समेत बृद्धि भएको छ । जसमा सम्पत्तीको गुणस्तरीय व्यवस्थापन, संस्थागत सुशासनको पूर्ण पालना, कुशल व्यबस्थापन पक्ष तथा निष्ठावान कर्मचारी समूह, समय सापेक्ष गुणस्तरीय सेवामा विविधिकरण, कार्यक्षेत्रहरुमा सेवा विस्तार, नयाँ संस्था प्राप्ति, ठूलो ग्राहक संख्याको आधार एवं विकास बैंकको उच्च प्रतिष्ठा आदि प्रमुख कारणहरु रहेका छन् ।

**ख) आगामी अबधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापककको बिश्लेषणात्मक विवरण**

१. ने.रा.बैंकको निर्देशन अनुसार कृषि, उर्जा, पर्यटन एवं घरेलु तथा साना उधोग लगायतका प्राथमिक तथा उत्पादनशील क्षेत्रहरुमा व्यवसाय विविधीकरण गर्ने र हाल मौजुदा सम्पत्ती तथा दायित्वको गुणस्तरमा अझ सुधार गर्दै जोखिम न्यूनिकरण गर्दै जाने योजना रहेको छ ।

२. सम्भाव्यता अध्ययन गरी पिछडिएका साथै आर्थिक पहुँचबाट टाढा रहेका ग्रामिण क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुमा लघुवित्त सेवा अझ विस्तारित रुपमा पुऱ्याइनेछ ।

३. हालै राष्ट्रिय स्तरको विकास बैंकको रुपमा स्तरोन्नती भएकोले सम्भाव्यता अध्ययन गरी देशका अन्य उपयुक्त स्थानहरुमा शाखा सञ्जाल विस्तार गर्ने भावी योजना रहेको छ ।

४. ने.रा. बैंकको हालैको मौद्रिक नीति मार्फत चुक्ता पूँजीमा गरिएको बृद्धि (रु. २ अर्ब ५० करोड ) २ बर्ष भित्रमा आफ्नै पहलमा समानुपातिक रुपमा पुऱ्याइने पूँजी योजना रहेको छ । सोहि अनुसार हालैको वार्षिक साधारण सभा बाट पारित भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको ५० प्रतिशतका दरले हकप्रद शेयर सम्बन्धित निकाय बाट स्वीकृती लिई छिट्टै निश्कासन गरिने छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन तथापि अर्थव्यवस्थाका समग्र गतिविधिहरुबाट वित्तीय संस्था पनि प्रभावित हुने भएकाले सोहि अनुरुप वित्तीय कारोवार प्रभावित भईरहेको छ ।

३) **कानुनी कारवाही सम्बन्धी** :

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : नभएको ।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : यस सम्वन्धमा कुनै जानकारी प्राप्त नभएको ।

ग) कुनै संचालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) धितो पत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : यस विकास बैंकको गत आ.ब. २०७१/०७२ को मुनाफाबाट भर्खरै मात्र वितरण गरिएको बोनश शेयर बाहेकका अन्य सम्पूर्ण शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भै धितो पत्र विनिमय बजारमा खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप शेयरको कारोबार भईरहेको छ भने समग्रमा यस संस्थाको शेयर अन्य वित्तीय संस्थाको भन्दा अधिक मूल्यमा कारोवार हुनुलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :
यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. ८९० | कुल कारोबार भएको दिन | ५६ दिन |
| न्यूनतम मूल्य | रु. ६१८ | कुल कारोबार शेयर संख्या | ३३१,०५६ (कित्ता) |
| पौष मसान्तको अन्तिम मूल्य | रु. ७२६ | कुल कारोबार संख्या | १,५०२ |

(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com.np अनुसार)

५) **समस्या तथा चुनौती** : यस विकास बैंकले वहन गरेको आन्तरिक तथा बाह्य समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन् ।

**क. आन्तरिक समस्या तथा चुनौती** : बैंकिङ्ग क्षेत्रमा देखिएको तिव्र प्रतिस्पर्धा, अधिक तरलता, लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव, बढ्दो संचालन लागत एवं बेरोजगार र असुरक्षा लगायतका सामाजिक समस्याले सृजित संचालन जोखिम साथै निक्षेप, कर्जा तथा लगानीको ब्याजदरमा भईरहने नियमित परिवर्तनले संस्थाको मुनाफा वृद्धिदर कायम राखिराख्नु थप चुनौतीपूर्ण रहेको छ ।

**ख. बाह्य समस्या तथा चुनौती** : देशको संक्रमणकालिन राजनैतिक अवस्था, न्युन आर्थिक बृद्धिदर, उच्च मूल्य बृद्धि, लगानी मैत्री वातावरणको अभाव, औधोगीक तथा व्यापारीक क्षेत्रमा व्याप्त श्रम समस्या, इन्धन तथा उर्जा संकट एवं अस्थिर व्यवसायिक कानूनी वातावरण जस्ता अनपेक्षित क्रियाकलापले वित्तीय व्यावसायमा प्रतिकुल असर पार्न सक्नु प्रमुख बाह्य समस्याहरु हुन् ।

**ग. रणनीति** :
उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न जनता बैंकमा होईन, बैंक जनतामा जानुपर्छ तथा गाउँ गाउँमा लघुवित्त फैलाउँ, गरिबी र बिपन्नता घटाउँ भन्ने मुल मर्मका साथ लगानी विविधिकरण गरी लघुवित्त मार्फत सामुहिक जमानीमा जागरुक तथा उद्यमशिल समूहलाई स-सानो ऋण रकम प्रवाह गरी देशको गरीबी निवारण एवं वित्तीय पहुँच अभिवृद्धिमा ठोस योगदान पु-याउने साथै प्राथमिक तथा उत्पादनशिल क्षेत्रहरुमा लगानी बढाउने, दक्ष जनशक्ति विकासका लागि तालिम लगायत वृत्ति विकासका कार्यक्रमहरु संचालन गर्ने, व्याजदर परिवर्तनको प्रभावलाई न्युनीकरण गर्दै जाने, समानुपातिक रुपमा प्रत्येक बर्ष चुक्ता पूँजी बृद्धि गर्ने, संचालन खर्च घटाउने एवं आधुनिक बैंकिङ्गका थप सुविधाहरुलाई समेट्दै छिटो, छरितो तवरले ग्राहकमुखी सेवा उपलब्ध गराउनु नै संस्थाको रणनीति रहेको छ ।

६) **संस्थागत सुशासन** :

**संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण** :

क)संस्थागत सुशासनलाई बैंकले अति महत्वका साथ मनन गरी सो सम्बन्धी निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ साथै आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन आन्तरीक लेखापरीक्षण विभागलाई बैंकको कारोबार बृद्धि संगसंगै स्तरोन्नती गर्दै आएको छ ।

ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

**मेरो बैंक, तपाईको बैंक, हामी सबैको बैंक - मुक्तिनाथ विकास बैंक...**